९. अधिकार प्रत्यायोजन: समितिले आफ्नो कुनै अधिकार अदालतका न्यायाधीश वा कर्मचारीलाई सुम्पन सक्नेछ ।

१०. नियम बनाउने अधिकार: यो ऐनको उद्देश्य कार्यान्वयन गर्नको लागि समितिको सिफारिशमा श्री ५ को सरकारले आवश्यक नियमहरू बनाउन सक्नेछ ।

लालमोहर सदर मितिः– २०४३।७।२४। २

आज्ञाले,
ध्रुववरसिंह थापा
श्री ५ को सरकारको सचिव

श्री ५ को सरकार

## कानून तथा न्याय मन्त्रालय

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको उल्लाह र सम्मतिले बनाइबक्सेको तल लेखिएबमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

२०४३ सालको ऐन नं. १३

स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।

### कार्य संचालन कोषको व्यवस्था गर्न बनेको ऐन

प्रस्तावना: आर्थिक प्रशासनलाई बढी सरल र सुविधाजनक बनाई विकासको गतिलाई तीव्र पार्न तथा सर्वसाधारण जनतालाई आर्थिक

3CC



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

सुविधा पुऱ्याउन कार्य संचालन कोषसम्बन्धी व्यवस्था गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पंचायतको सल्लाह र सम्मतिले यो ऐन बनाइबक्सेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस ऐनको नाम "कार्य संचालन कोष ऐन, २०४३" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,——

(क) "कोष" भन्नाले दफा ३ बमोजिम स्थापना भएको कार्य संचालन कोष सम्झनु पर्छ ।

(ख) "मन्त्रालय" भन्नाले श्री ५ को सरकारको मन्त्रालय सम्झनु पर्छ र सो शब्दले मन्त्रिपरिषद् सचिवालयलाई समेत जनाउँछ ।

(ग) "बैंक" भन्नाले नेपाल राष्ट्र बैंक सम्झनु पर्छ र सो शब्दले सरकारी कारोवार गर्ने अन्य बैंक समेतलाई जनाउँछ ।

(घ) "गत आर्थिक वर्ष" भन्नाले चालू आर्थिक वर्षभन्दा अघिल्लो आर्थिक वर्ष सम्झनु पर्छ ।

३. कोषको स्थापनाः (१) मन्त्रालयले आवश्यक देखेमा आफ्नो उत्पादन वा सेवा बिक्री गरी आर्जन गर्ने निकायको लागि विशेष कार्य संचालन गर्न कार्य संचालन कोषको स्थापना गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहायका रकमहरू जम्मा हुनेछन्:—

(क) प्रत्येक आर्थिक वर्षमा विनियोजन ऐनद्वारा छुट्याइएको रकम,



३८९

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ख) प्रत्येक आर्थिक वर्षमा संचित कोषमा दाखिल हुने आम्दानीबाट श्री ५ को सरकारबाट तोकिए-बमोजिम छुट्याइएको रकम ।

४. कोषको स्थापना गर्दाको कार्यविधि: कोषको स्थापना गर्नको लागि सम्बन्धित मन्त्रालयले अर्थ मन्त्रालयको सहमति लिई श्री ५ को सरकार मन्त्रिपरिषद्‌बाट निर्णय गराउनु पर्नेछ ।

५. कोषको संचालन: (१) कोषको संचालन गर्न बैंकमा सरकारी खातासरह खाता खोली संचालन गर्नु पर्नेछ ।

(२) कच्चा पदार्थ तथा स्पेयर पार्टस् खरीद गर्नु पर्ने निकायहरूमा दफा ३ को उपदफा (२) को खण्ड (ख) बमोजिम छुट्याइएको रकमबाट पच्चीस प्रतिशत रकम कच्चा पदार्थ तथा स्पेयर पार्टस् खरीद गर्न छुट्याई राख्नु पर्नेछ ।

६. कोषको हिसाव पेश गर्ने: कोषको संचालन गर्नको निमित्त मन्त्रालयले तोकिदिएको अधिकारीले कोषको यथार्थ हिसाब आर्थिक वर्ष अन्त भएको पन्ध्र दिनभित्र महालेखा नियन्त्रक समक्ष पेश गर्नु पर्नेछ ।

७. कोषको रकम जिम्मेवारी सारिने: गत आर्थिक वर्षको अन्त्यमा बाँकी रहेको मौज्दात रकम प्रत्येक आर्थिक वर्षको प्रारम्भमा कोषमा जिम्मेवारी सारिनेछ ।

८. कोषको रकम संचित कोषमा सार्न सकिने: मन्त्रालयले चाहेमा कोषको मौज्दात रकम आंशिक वा पूर्णरूपमा संचित कोषमा दाखिल गर्न सक्नेछ ।

९. कोषको लेखापरीक्षण: कोषको लेखापरीक्षण महालेखा परीक्षकको विभागबाट हुनेछ ।

१०. नियम बनाउने अधिकार: यस ऐनको उद्देश्य कार्यान्वित गर्न श्री ५ को सरकारले नियमहरू बनाउन सक्नेछ ।

लालमोहर सदर मितिः– २०४३।७।२४।२

आज्ञाले,
ध्रुववरसिंह थापा
श्री ५ को सरकारको सचिव



380 272

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।